ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY


पृष्ठ ४ मा
जलवायू परिवर्तनको असर र प्रभाव

❑ वर्ष-१० ❑ अङ्क-७, २०७५ असार २ गते, शनिबार (June 16, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्याः ६

# बिहारमा 'शराववन्दी' नेपालको सीमा क्षेत्रमा तस्करी

फत्तेपुर / भारतको बिहार राज्यमा 'शराववन्दी'को कानुन लागू भएपछि सीमावर्ती नेपाली भू-भागमा मदिराको बिक्री वितरण तथा अवैध निर्यात बढेको छ ।

बिहारमा नितिश कुमार मुख्यमन्त्री भएपछि विधान मण्डलमा पेश भएको 'बिहार संशोधन विधेयक, २०१६' सर्वसम्मत पारित भई सन् २०१६ अप्रिल १ देखि 'शराववन्दी' कडाइका साथ लागू भएको छ। बिहारमा मदिरा सेवनले अपराध बढेको र नागरिकले घरपरिवारलाई बेवास्ता गरेको भन्दै सराबवन्दीको कानुन ल्याइएको हो ।

कानुन कार्यान्वयनसँगै बिहारमा मदिराको बिक्री वितरण तथा सेवन बर्जित छ। जसका कारण मदिरा सेवनकै लागि नेपालमा भारतीय नागरिकको आवत-जावत बढेको छ। सीमावर्ती क्षेत्रका पसलमा मदिरा सेवन गरी घर फर्कने तथा नेपालमा रहेका आफन्तको घरमा पाहुनाका रुपमा बसेर मदिरा सेवन गर्नेको संख्या पनि बाक्लो छ ।

मदिरा सेवनकै लागि भारतीय नागरिकको ओहोर-दोहोर बढेपछि बिहारसँग सीमा जोडिएका सीमावर्ती क्षेत्रमा गैरकानुनी रुपमा मदिराको बिक्री-वितरण र सेवन बढेको स्थानीयहरु बताउँछन्। उनीहरुका अनुसार अधिकांश सीमावर्ती



बजारमा मदिराका पसल खुल्ने क्रम पनि बढेको छ ।

कतिपय स्थानमा दशगजा क्षेत्रभित्रै पनि मदिराका पसल सञ्चालन भइरहेका छन्। सप्तरीको राजगढ गाउँपालिका अन्तर्गतको बर्दाही तथा झुट्की-वनैनियाँमा दशगजा क्षेत्रभित्रै मदिरा पसल सञ्चालनमा आएको स्थानीयहरु बताउँछन् ।

अर्कोतर्फ विभिन्न नाका हुँदै मदिराको अनाधिकृत निकासी बढेको छ।

बाँकी पाच पृष्ठमा

# प्रदेश सरकारको निर्णय अदालत र बैकले मानेनन्

सप्तरी /मुस्लिम समुदायको मुख्य पर्व इद-उल-फित्रको अवसरमा प्रदेश सरकारले सार्वजनिक बिदा दिने निर्णय गरे पनि सप्तरी लगायत प्रदेश २ का न्यायापालिका र बैंक तथा वित्तीय संस्थाहरु भने सञ्चालनमा आएका छन् ।

उच्च अदालत जनकपुर राजविराज इजलास, जिल्ला अदालत राजविराज, सरकारी वकिलको कार्यालय, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड लगायतका सरकारी कार्यालय सञ्चालनमा छन्। प्रदेश सरकारले बिदा दिने निर्णय गरे पनि माथिल्ला निकायले बिदाका बारेमा निर्देशन नगरेको र क्यालेन्डरमा पनि बिदा नभएकाले कार्यालय सञ्चालन गरिएको सम्बन्धित कार्यालयले जनाएका छन् ।

उच्च अदालत जनकपुर राजविराज इजलासको काम निरन्तर चलिरहेको छ भने जिल्ला बारको आग्रहमा जिल्ला अदालतको पेसी बाहेकका सम्पूर्ण क्रियाकलाप



सञ्चालनमा आएको मुख्य न्यायाधीश हरिशचन्द्र ढुंगानाले जानकारी दिए। सर्वोच्च अदालतले बिदाबारे निर्देशन जारी नगरेपछि न्यायालयको काम रोक्न नमिलेको उनको भनाइ छ।

यसैगरी, राष्ट्रिय वाणिज्य बैंकका प्रबन्धक भोला निरौलाले राष्ट्र बैंकबाट बिदाको बारेमा जानकारी नआएको र क्यालेन्डरमा पनि बिदा उल्लेख नभएको पाइएकाले सेवालाई निरन्तरता दिइएको बताए। सप्तरीमा जिल्ला प्रशासन कार्यालय लगायतका अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरु बन्द छन्। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले कार्यालय बन्द नभई सेवाग्राही नआएपछि आफूहरु निस्किएको बताए ।

प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले बिदाको दिनमा पनि कार्यालय खोलेर सरकारी निर्णयको अवमूल्यन गरेको प्रतिक्रिया दिए ।

'सरकारी निर्णयलाई अवमूल्यन गर्नु घोर आपत्तिजनक छ', उनले भने, 'केही कार्यालयले अहिले पनि संघीयतालाई स्वीकार गर्न नसकेको यसले प्रस्ट पार्छ।'

प्रदेश सरकारले सम्पूर्ण कार्यालय र संघसंस्थालाई आफ्नो नियन्त्रणमा ल्याउन बाध्यकारी नियम बनाउने उनले बताए। प्रदेश सरकार र संघीय सरकारका बीचमा समन्वयको पनि अभाव देखिएकाले यस्को निराकरणका लागि आगामी दिनमा ठोस कदम चालिने उनको भनाइ छ ।

## फत्तेपुरमा एक महिने रमाईलो मेला

न्यु त्रियुगा स्पोर्ट्स क्लब फत्तेपुर को आयोजना मा सप्तरीको सप्तकोसी नगपालिका फत्तेपुर मा निर्माणाधिन बहुउपयोगी कभर्डहल निर्माण को लागि सहयोगार्थ संचालन हुने एक महिने रमाइलो मेला मा सपरिवार आइ रमाउनु का साथै बहुउपयोगी कभर्डहल निर्माण का लागि सहयोग गरि दिनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**मेलाका आकर्षणहरुः**

रोटेपिङ ,नाउका पिङ,draigan रेस, कार रेस लगायत बच्चाहरुका विभिन्न आकर्षक खेलौनाहरु विभिन्न राष्ट्रिय कलाकारहरु मेलिना राई,जेष्ठ कोमल ओलि,ज्योति मगर दिलिप रायमाझी ,केदार घिमिरे (माग्ने बुढो)लगायत लोकदोहरी, नृत्य ,गायन



लगायत विभिन्न हास्यकलाकारहरु बाट हास्यब्याङ्य लगाय विभिन्न मनोरञ्जनात्मक कार्यक्रम हरुका साथ दार्जिलिङ का कलाकार हरुको बेजोड प्रस्तुति रहेको छ । हेर्न नछुटाऔं ।

**मितिः २०७५ जेष्ठ १० गतेदेखि असार १० गतेसम्म**

**स्थानः सहिद स्मृति रंगशाला सप्तकोसी नगरपालिका-१,फत्तेपुर**

व्यावस्थापक

**पर्बत लामा**

एवं रमाइलो मेला आयोजक समिति सप्तकोसी नगरपालिका-१, फत्तेपुर सप्तरी

**विहारमा...**

अनाधिकृत निकासीमा नेपाल र भारत दुवै देशका नागरिक संलग्न हुने गरेका छन्। मदिरा निकासीका लागि साइकल र मोटरसाइकको प्रयोग अधिक छ। चारचक्के सवारी साधनमार्फत पनि लुकिचोरी मदिराको निकासी हुने गरेको छ ।

सवारी सधानमा प्रहरीको निगरानी बढेपछि पछिल्लो समय गोरु गाडा र घोडाको समेत प्रयोग बढेको छ। प्रहरीको उपस्थिति पातलो हुने स्थानमा घोडाको प्रयोग गरी मदिरा निकासी हुने गरेको छ ।

पछिल्लो समय सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका स्थित गोबरगाढा क्षेत्रलाई नाका बनाएर घोडामा मदिरा निकासी हुने गरेको स्थानीयबासीले जनाएका छन् ।

करिब १ दर्जन घोडा मार्फत हरेक बेलुका ७ देखि १२ बजेसम्म मदिरा ओसारपसार हुने गरेको उनीहरुको भनाइ छ ।

माओवादी 'जनयुद्ध' पछि स्थापना भएको गोबरगाढास्थित प्रहरी चौकी द्वन्द्व बढ्दै गएपछि असुरक्षाका कारण हटाइएको थियो। सो क्षेत्रको सुरक्षा इलाका प्रहरी कार्यालय हनुमाननगरले गर्दै आएको छ। यसैगरी, कोइलाडी बरसाइनमा सशस्त्र प्रहरीको विओपी (वोर्डर आउट पोस्ट) छ भने राष्ट्रिय अनुसन्धान कार्यालयका अनुसन्धान सहायक सूचक पनि यस क्षेत्रमा कार्यरत छन् ।

यति हुँदाहुँदै पनि मदिरा तथा भन्सार छलीका गैरकानुनी सामान ओसार-पसारले निरन्तरता पाइरहेको छ। प्रहरीको उपस्थिति कमजोर भएको फाइदा तथा कतिपय प्रहरीलाई मिलाएरै मदिरा तथा अन्य गैरकानुनी सामान आयात-निर्यात भइरहेको स्थानीयहरु बताउँछन् ।

यसैगरी, पातो नाका भएर पनि मदिराको ओसार-पसार तीव्र रुपमा बढको छ। भारतीय नम्बर प्लेटका मोटरसाइकलको प्रयोग गरी दैनिक २ सय कार्टुनभन्दा बढी मदिरा निर्यात हुने गरेको त्यस क्षेत्रका बासिन्दाले जानकारी दिए ।

सप्तरीबाट दिलवाले, सोफिया, कस्तुरी लगायतका सस्ता मदिरा बढी मात्रामा भारत निकासी हुने गरेको छ। नेपालमा प्रति क्वार्टर ४० रुपैयाँ पर्ने मदिरा भारत पुर्‍याउने बित्तिकै १ सय भारतीय रुपैयाँमा बिक्री हुने गरेको छ ।

सप्तरीबाट गैरकानुनी रुपमा मदिराको ओसार-पसार बढेको विषयमा प्रहरीरप्रशासनलाई जानकारी नै नभएको भने होइन। प्रहरीले बेलाबखत संलग्नहरुलाई पक्राउ पनि गर्ने गरेको छ। तर, तस्करीका रुपमा मौलाएको मदिराको निकासी नियन्त्रण हुन सकेको छैन। मदिराकै कारण सुरक्षामा समेत प्रतिकुल असर पर्ने र त्यसले दुई देशको मित्रतामा समेत खलल पुर्‍याउन सक्ने जानकारहरु बताउँछन्।

**मदिराकै कारण बिहारसँग सम्बन्ध बिग्रने अवस्थाः सांसद प्याकुरेल**

नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) का केन्द्रीय सदस्य एवं राष्ट्रियसभाका सांसद सुमनराज प्याकुरेलले मदिराको गैरकानुनी निकासी र प्रयोग तीव्र रुपमा बढेको बताए ।

'मदिराका कारण बिहार सरकारसँग नेपालको सम्बन्ध बिग्रने अवस्था छ,' प्याकुरेल भन्छन् 'दैनिक २५ ट्रक मदिरा नेपालबाट भारतको बिहारतर्फ निकासी हुने गरेको जानकारी छ।' बिहीबार राजविराज आएका प्याकुरेलले बिहारमा मदिरा निषेधले विराटनगर, राजबिराज लगायतका सीमावर्ती बजारमा मदिराको बिक्री वितरण बढेको बताए।

**नियन्त्रण हुन्छः एसपी सिंह**

सप्तरीका एसपी मुकेशकुमार सिंहले भने अनाधिकृत मदिरा निकासी र बिक्री वितरणलाई नियन्त्रण गर्न प्रहरीले सक्दो प्रयास गरेको बताए। मदिरा तथा भन्सार चोरी निकासी बन्द गर्न प्रदेश सरकार नै सक्रिय भएर लागेकाले अनुगमन बढाइएको उनले जानकारी दिए ।

'कुन-कुन नाकाबाट कसरी मदिरा निकासी भइरहेको छ भन्ने सबै जानकारीमा आइसकेको छ,' सिंहले टेलिफोनमा भने, 'हामीले गोबरगाढा क्षेत्रबाट ठूलो मात्रामा मदिरा नियन्त्रण गरेका छौं ।'

उनले दशगजा क्षेत्रभित्रका मदिरा पसल र बिक्री वितरण बन्द गर्न प्रदेश सरकारले निर्देशन दिएअनुसार प्रहरीले कडाइका साथ काम गरिरहेको बताए ।

'हामीले १० दिनको समय दिएर सूचना जारी गरेका छौं, त्यो समयभित्र सबैले देख्ने र महसुस गर्ने गरी परिवर्तन आउँछ,' उनले भने, 'त्यसपछि सूचना होइन, अन दि स्पट कारबाही हुन्छ ।'


## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
- सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
- शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

## सूचना

लोक सेवा आयोगको अग्रगामी सोंच, आधुनिक परीक्षण प्रविधीको प्रयोगबाट योग्यतम व्यक्तिको छनौट ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधी मन्त्रालय
सूचना विभाग

## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहा हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

- डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
- डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




**जनसेवा पोलिक्लिनिक प्रा.लि**
सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा




**फत्तेपुर पोलिक्लिनिक(प्रालि)**
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, **ले-आउट** निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१* Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय................

# मधेशको मुद्दालाई ध्यान देऊ

राजनीतिक दल भनेको विचार, सिद्धान्त र वादमात्रै होइन, आन्दोलनको निरन्तरता समेत हो । नेपालमा केही राजनीतिक दलहरू विचार सिद्धान्तले स्थापित भए भने केही आन्दोलनको निरन्तरताले गर्दा राष्ट्रिय राजनीतिमा प्रभाव पार्न सक्ने शक्तिको रूपमा उदाएका छन् ।

६/६ महिनासम्म लामो आन्दोलन गरेका मधेशका जनताले नाकाबन्दीबाट झन् ठूलो सास्ती व्यहोरेको ताजै छ । आन्दोलनका क्रममा सयौंको ज्यान गयो, हजारौं अंगभंग भए, अझपनि सयौं थुनामा छन् । त्यसका बाबजुद पनि मधेशका जनता रोजगारी, शिक्षा, स्वास्थ्य लगायत अन्य सुविधा पाउनेमा उनीहरु आशाबादी छन् ।

देश संघीयतामा गएपछि सिंहदरबारको अधिकार गाउँगाउँमा आउँछ भन्ने सुनेका जनताले संघीय सरकारमाथि धेरै आशा र भरोसा गरेका छन् । यद्यपी मधेशी जनताको लागि राजनीति गर्छौं भन्ने दलहरूकै सरकार भएको प्रदेश नम्बर २ को संघीय सरकारले जनताको आशा अनुरूप काम गर्न सकेको छैन् ।

नेपाली राजनीतिको मुख्य थलो भनेको मधेश हो । अहिले ठूला दलका रूपमा उदाएका नेपाल कम्युनिष्ट पाटी र कांग्रेसको उदय पनि मधेशबाट नै भएको हो । मधेशबाट राजधनीति गरेर माथि उठेका नेताहरुले मधेशलाई विर्सिए उनीहरुको भविष्य उज्वल मान्न सकिदैन् ।

मधेशमा बढ्दै गएको अलगाववादी राजनीतिलाई हटाउन मधेशको मागहरू समयमा नै सम्बोधन गर्न नेताहरु अग्रसर हुनु पर्दछ । मधेशमा अब जन्मिने वैकल्पिक शक्ति राज्यसाग वार्ता वा सहमति सम्झौतामा अल्झिदैंन उनीहरूको आन्दोलनले अलगाववादीलाई बल पुऱ्याउाछ जसले गर्दा अहिले मधेशको मुद्दालाई लिएर राजनीति गरिरहेका दलहरू अस्तित्व समाप्त हुन्छ । यस कुरालाई ख्याल राखेर नेताहरुले मधेशलाई सम्वृद्ध बनाउनु नै हितकर हुने छ ।

# संविधान अपरिवर्तनीय दस्तावेज होइन

उपेन्द्र झा

शक्तिशाली नेपाल कम्युनिष्ट पार्टीको सरकार नेपाली काँग्रेसबाहेक अन्य शक्तिलाई आफ्नो पक्षमा समेट्दै देशलाई आत्मनिर्भर बनाउन विकासको महाअभियानका लागि रथारोहण यात्रा शुरू गरि सकेको छ । अधिकार माँग्दै राज्यसत्ताको विरूद्ध उभिएको मधेश र त्यसलाई डोऱ्याउने राजनीतिक अगुवाहरू १२ वर्षको लगातार संघर्षबाट थकित भारि बिसाउन सरकार कै छत्रछायामा आश्रय लिन पुगेका छन् । राजनीतिक निर्णय गर्ने पहिलो हुने संसफोलाई राजपालाई डोऱ्याउने दायित्व पनि छ । संसफो कै पद चिन्ह छाम्दै राजपा पनि पछि पछि हिंड्ने संस्कार बोकेको देखियो । आफ्नो खुट्टामा उभिन सक्ने क्षमता नआई सकेको अवस्थामा बिचरा राजपा पनि के गरोस् । मधेशलाई नेतृत्व गर्ने सम्पूर्ण स्वामित्व संसफोसंग नै छ, यसलाई राजपाले पनि प्रमाणित गरि सकेको छ । संसफोबाट टाढा जान नसक्ने, मिल्न पनि नसक्ने, आफ्नो नेतृत्व क्षमता प्रदर्शित गर्न नसक्ने र संसफोको पछि लाग्ने राजपा वास्तवमा संसफोको भ्रातृ संगठन हो कि जस्तो लाग्न थाल्यो । अथवा राजपा नेतृत्वविहीन पार्टीको रूपमा विकसित भएको पनि लाग्छ ।

विगतको निर्णय जस्तै संसफोले अहिले सरकारमा जाने निर्णय गरि सकेको छ । सरकारमा पनि पदासिन भएको छ । अब राजपाको पालो छ । विगतको व्यवहार अनुसार राजपा एक्लै हिंड्न सक्ने चरित्र बनाएको छैन । अर्थात् बोलीमा जस्तो यो पार्टीको क्रान्तिकारी धार स्पष्ट छैन । चर्को क्रान्तिकारी स्वरमा सरकारलाई धम्काउन भने संसफोको पछाडि राजपा कै स्थान छ । चुनावमा पनि यिनी पहिलो र दोश्रो देखिएका छन् । अर्थात् संसफोको अनुगामी पार्टीको रूपमा विकसित राजपा पनि सरकारमा जाने निर्णय गर्ला नै । शरणागत हुनुको विकल्प राजपाले दिनै सक्दैन । विगतमा फोरमसंग मिलेर संघर्षमा होमिएपनि खास राजपामा मधेशलाई नेतृत्व गर्ने आँट संचय भएको छैन । त्यसकारण सरकारमा जाने निर्णयमा नै बहुमत देखिएका छन् । चरित्र अनुसारको यो निर्णय विल्कुल स्वाभाविक हो । अहिले महाधिवेशन गराउने चुनाव आयोगले दिएको ठूलो चुनौती राजपाको अगाडि तेर्सिएको छ । त्यसकारण पनि सरकारमा जाने बाध्यता छ ।

भिन्न भिन्न अवरोधक शक्तिहरूलाई आफ्नो समर्थनमा लिन अहिले लचक बनेको सरकारले रेशम चौधरीलाई शपथ ग्रहण गराएर राजपालाई विश्वासमा लिने कार्य भई रहेको छ । राजपाका नेताहरूले सरकारमा समावेश हुन संशोधन प्रस्तावलाई भऱ्याङ्ग बनाएका छन् । सरकार पनि संशोधन प्रस्तावमा लचक हुन्छ नै । संविधान अपरिवर्तनीय दस्तावेज त होईन । संशोधन त भई रहन्छ । तर विगतमा मधेशले माँगेको दुई प्रदेशको सीमा सम्बन्धि संशोधन सरकार कुनै शर्तमा मान्दैन । विगतमा एमालेले कौमा, फुलस्टप पनि संशोधन हुँदैन भन्ने अडानबाट सरकार लचक हुन्छ र कौमा, फुलस्टप समावेश हुने सम्भावना चाहिं छ । राजपाले खोलेर यो संशोधन भयो भने हामी सरकारमा जाने अथवा योबारे सरकारले ग्यारेन्टी गऱ्यो भने जाने कुरा भन्दैन । सरकार संशोधनको कुराप्रति लचक भयो भने हामी सरकारमा जान्छौं भन्छन् । यो राजनीतिक चालाकी जनतालाई झुक्याउनेबाहेक अरू केही होइन ।

बरू संसफोले गरेको निर्णय मीठो लाग्यो । उसलाई सरकारमा जाने इच्छा भयो । जान ढिलो भएको अवस्थामा सरकारलाई नाकाबन्दीको धम्की दिएर सरकारमा गयो । संविधान संशोधन होस् कि नहोस् संसफोले सरकारमा जाने निर्णय गऱ्यो । संविधानलाई मानेर चुनावी राजनीतिमा होमिएको संसफो संघीय सरकारलाई समर्थन दिएर आई सकेपछि भागबण्डामा समावेश हुनु बिल्कुल अस्वाभाविक होइन । राज्य सुविधामा हिस्सा भेटेन भने नाकाबन्दी संघर्ष समेत गर्ने, उसको विचार

> *बलियो सरकारको निर्विरोध विकास योजना संचालन हुने अवस्थामा विकास भएन भने यो सरकारले कसैमाथि दोष लगाउने ठाउँ पनि छैन । चीन जस्तो बलियो सहयोगी हात पाएर झण्डै दुईतिहाईको सीमामा पुगेको सरकारलाई अन्यान्य विरोधी शक्तिहरु पनि समर्थन दिएकाले नेपाली जनताले यो सरकारको नतिजामुखी परिणाम हेर्न चाहेको छ ।*

प्रष्ट छ । तर राजपा ? मधेशको मुद्दा छाडेर चुनाव लड्ने फेरि सरकारलाई समर्थन दिएर संशोधन प्रस्तावको कुरा उठाएर विरोध गर्ने विल्कुल अस्वाभाविक लाग्छ । महाधिवेशनको तयारी, पार्टीभित्र एकल निर्णय गर्न नसक्ने राजनीतिक अवस्था, राजपाको एकल स्वरूप तयार नभएको चुनौती आदि राजपा विखरावका कारणहरू हुन् । सरकारमा सामेल भए अवरोधक शक्ति साम्य हुने यथार्थ पनि छ । त्यसकारण राजपा सरकारभन्दा बाहिर रहेमा कल्याण भने हुँदैन ।

दुबै शक्ति सरकारमा गयो भने मधेशको मुद्दालाई शाब्दिक रूपमा अगाडि बढाउन मधेशमा अब कुनै शक्ति देखिंदैन । संविधानलाई मानेर यथास्थितिमा बस्न यी दुवै पार्टी तयार भई आत्मसमर्पण कै शैलीमा सरकारमा समावेश भएकोले आन्दोलनबाट नै आफ्नो हक सुनिश्चित गराउने विचार अब भने नेतृत्वविहीन हुन पुगेको छ । के सरकारले परिभाषा गरे जस्तै मधेशको आन्दोलनको औचित्य सकिएको हो ? मधेशको समस्या राज्यले समाधान गरिसकेको हो ? यी अनुत्तरित प्रश्नहरूको जवाफ कसले दिने ? के मधेशले वैकल्पिक शक्तिको खोजी गर्ने वा यथास्थितिमा गएका पार्टीलाई नै विश्वास गर्ने । कस्तो राजनीतिक परिस्थिति विकास हुन सक्दछ ? यी सब कुरा समीक्षाका विषय हुन् ।

मधेश आन्दोलन, संविधान सभा, राज्य पुनर्संरचना आदि सबैबाट मधेशको स्वामित्व हटाएर एकलौटी यसको रसास्वादन गर्ने राज्यसत्ताले बलपूर्वकको शान्ति स्थापनालाई बैधानिक रूप दिएपनि असन्तुष्टताको धरातलमा यो सरकारको अस्तित्व ठडिएको छ । आत्मसमर्पणबाहेक अन्य बाटोमा रहेको मधेशलाई कुनै हालतमा नस्वीकार्ने सरकारको तीक्ष्ण आक्रामक मानसिकताले दुबै पार्टीलाई (संसफो र राजपा) आत्मसात गरेको अवस्थामा मधेश आन्दोलन सेलाउन सक्दैन । मधेशलाई हेर्ने सरकारको मानसिकता परिवर्तन भएको ठान्ने मधेशका राजनीतिक दलहरू भ्रमित भएका छन् वा उनी संघर्षको बाटो छोडेर यथास्थितिमा रमाउन चाहेका हुन् ।

सरकारको आफ्नो दृष्टिकोण छ, मधेशको आफ्नो । मधेशको मुद्दा सम्बोधन भएको छैन भन्ने मान्यता राख्ने मधेश, पार्टीहरूले गरे जस्तै आत्मसमर्पणमा जाँदैन । परिस्थितिको प्रतिकूलता मधेशको सामुन्ने कडा चुनौतीको रूपमा खडा छ । नेपाल कम्युनिष्ट पार्टीको सवल सरकार अस्तित्वमा आएको छ । आन्दोलनको लीकबाट मधेशको सारा शक्ति बाहिर गएकोले आन्दोलन नेतृत्वविहीनताको अवस्था भोगि रहेको छ । अवसरवादीहरूको जमात मधेशलाई त्यागेर गई सकेको छ । यही मधेश राजनीतिको प्रतिकूलता हो । ०६३ सालको मधेश आन्दोलनको मर्मलाई आत्मसात गरि अगाडि बढ्ने मधेशका पार्टीहरू १२ वर्षको अन्तरालमा पुनश्च आन्दोलनको अभिभारा बोक्न असक्षम भई सकेको व्यवहारले देखाएको छ । आन्दोलनको मैदान खाली रहेको अवस्थामा यहाँ नवीन नेतृत्वको जन्म नभएसम्म आन्दोलन पनि यथास्थितिमा रह्ने कुरा स्पष्ट छ । पुनश्च संघर्षलाई संगठित पार्न केही समय लाग्ने भएकोले आन्दोलन सुसुप्तावस्थामा रह्ने निश्चित छ ।

आफ्नो अस्तित्व स्वीकार गराउन विप्लव पनि संघर्ष थालेका छन् । प्रतिपक्षमा बस्ने नेपाली काँग्रेसले पराजयको असह्य पीडा भोगि रहेको छ । नेपाली काँग्रेसमा दोश्रो पुस्ताका नेता गगन थापा युवा नेतृत्वको विकासमा अथक परिश्रम गरि रहेका छन् । अर्थात् नेपाली काँग्रेस पनि संघर्षको थालनी गरेको छ । छिटफुट रहेको यी संघर्षहरूले सरकारलाई खासै प्रभाव नपार्ला तर देशमा देखिएका साना साना संघर्षहरूबीचको एकरूपता सरकारको लागि ठूलो चुनौती बन्न सक्ने अवस्था नआउला भन्न सकिन्न । असन्तुष्टताको जगमा सरकारले बलियो धरातल बनाएपनि विस्फोटले सबैकुरा तहस नहस हुने अवस्थालाई नकार्न मिल्दैन ।

बलियो सरकारको निर्विरोध विकास योजना संचालन हुने अवस्थामा विकास भएन भने यो सरकारले कसैमाथि दोष लगाउने ठाउँ पनि छैन । चीन जस्तो बलियो सहयोगी हात पाएर झण्डै दुईतिहाईको सीमामा पुगेको सरकारलाई अन्यान्य विरोधी शक्तिहरू पनि समर्थन दिएकाले नेपाली जनताले यो सरकारको नतिजामुखी परिणाम हेर्न चाहेको छ । देशको सारा परिस्थितिलाई अनुकूल बनाएर हिंडेको यो सरकारप्रति आशावादी बनेका नेपाली जनता देश आत्मनिर्भर हुने मौका पाएकोमा खुशी छन् । तर राजनीतिक विश्लेषकहरूले यो सरकार सर्वसत्तावादको भासमा जाने खतरालाई पनि औंल्याएका छन् । विकासतिर केन्द्रित सरकारको ध्यानले राम्रो नतिजा दिनमा किञ्चित शंका छैन । तर अन्यान्य अनावश्यक क्षेत्रतिर अग्रसर भयो भने त्यो सरकारको लागि प्रत्युत्पादक हुन सक्दछ ।

देशमा परनिर्भरताले आर्थिक क्षेत्रलाई त ध्वस्त पारेकै छ । राजनीतिक क्षेत्रलाई पनि पराश्रित बनाएको छ । भ्रष्टाचारमा लिप्त राज्यसत्ता प्रगतिको बाटो छाडेर देशलाई अधोगतितिर उन्मुख गराउन र देशमा द्वन्द्वको खेती गराउन माफिया उत्पादन केन्द्र बनेको छ । यही माफिया देशको हरेक क्षेत्रमा सक्रिय छन् । परिवर्तनको चाहना लिएर आउने प्रगतिशील शक्तिहरूलाई पनि माफिया बनाई छाड्ने राज्यसत्ताको रूढिवादी सोच प्रगतिको बाधक बनेको छ । स्थायी सरकारको दर्जामा आएको नेपाल कम्युनिष्ट पार्टीले देश विकास गर्ने राम्रो अवसर पाएकोमा यही माफियातन्त्रले यो सरकारलाई पनि बिगार्ने सम्भावना पनि छ । इच्छा प्रतिकूल सरकारको काम कार्रवाही आएमा द्वन्द्वको खेती गराएर सरकार ढाल्ने माफियातन्त्रको पौराणिक सोच हावी नहोला भन्न सकिन्न ।

विगतका बाधा व्यवधानलाई पन्छाउँदै यहाँसम्म सकुशल पुगेर स्थाई सरकार बनाउन सफल नेपाल कम्युनिष्ट पार्टीले अब आन्तरिक संघर्षसंग जुझ्ने सम्भावना छ । अन्तर्संघर्षबाट पनि मुक्ति पाएर देशमा एउटा उदाहरणको रूपमा यो सरकार उपस्थित होस् । अन्तर्संघर्षले देशमा ठूलो द्वन्द्व ननिम्त्याओस् नेपाली जनताले यही चाहना राखेको छ । *(मधेश दर्पण)*

# किन चाहिन्छ शरीरलाई भिटामिन डी ?



शरीरको वृद्धि, विकास र सञ्चालनका लागि चाहिने सूक्ष्म तत्वलाई भिटामिन भनिन्छ। भिटामिन धेरै प्रकारका हुन्छन्। तीमध्ये भिटामिन डी पनि एक हो । क्याल्सियम र हड्डीसँग बढी परस्पर सम्बन्ध मानिएको भिटामिन डी शरीरका विभिन्न अंगका लागि महत्वपूर्ण रहेको विभिन्न अध्ययनले पुष्टि गरेका छन् ।

भिटामिन डीलाई भिटामिनका रूपमा मात्र नहेरी शरीरलाई आवश्यक पर्ने हार्मोनका रूपमा मान्न थालिएको छ। सूर्यको पराबैजनी किरण छालामा परेपछि भिटामिन डीको सुरुवाती अवस्था पैदा हुन्छ, जुन कलेजो अनि त्यसपछि मृगौलामा गएर भिटामिन डीको रूपमा परिवर्तन हुन्छ । तर, आजकाल मानिस प्रायःजसो कोठाभित्रै रहने र घामसँग कम समयमात्रै स्पर्शमा रहने चलन बढ्दै गएको छ। चाहे कामको व्यस्तताले होस् वा छाला डढेर कालो हुने भयले, धेरैले घामबाट भिटामिन डी पाइरहेका हुँदैनन्। घाममा नै समय बिताउनेले पनि छाला ढाक्न खोज्छन्।

सूर्यको प्रकाश बिहान १० देखि दिउँसो ३ बजे बीचमा ५ देखि १५ मिनेटसम्म पाखुरा, हात-खुट्टा र अनुहारमा हप्ताको दुईदेखि तीनपटक परेमा शरीरलाई आवश्यक पर्ने भिटामिन डी परिपूर्ति हुनसक्छ। यही नै शरीरलाई चाहिने भिटामिन डीको मुख्य स्रोत मानिन्छ। सामुद्रिक खानेकुरा (सी-फुड), अन्डाको पहेँलो भाग, च्याउ आदि खानामा पनि भिटामिन डी पाइन्छ। विकसित देशमा दूध, जुस, आटा तथा जौका खानेकुरामा भिटामिन डी मिसाइएको हुन्छ। तर, हाम्रोजस्तो देशमा भिटामिन डीयुक्त खानेकुराभन्दा पनि सूर्यको प्रकाश नै प्रमुख प्राकृतिक स्रोत मानिन्छ।

रगतमा भिटामिन डी ३० न्यानोग्राम/मिलिलिटरभन्दा बढी हुनुपर्छ। यदि, भिटामिनको मात्रा २०-३० न्यानोग्राम/मिलिलिटर भए भिटामिन डी अपर्याप्त भएको मानिन्छ। यदि २० न्यानोग्राम/मिलिलिटरभन्दा कम भए शरीरमा यसको कमी हुन्छ। वृद्ध उमेर, सूर्तिजन्य पदार्थको सेवन, कालो छाला, कलेजो तथा मिर्गौलाको रोग, आन्द्राको पाचनशक्तिमा हुने गडबडी, वायु प्रदुषण, जाडो महिनामा घर वा अफिसभित्र मात्रै काम गर्नुपर्ने बाध्यता आदिलाई शरीरमा भिटामिन डी कमी हुने कारक तत्व मानिन्छ ।

**भिटामिन डी कमीको अवस्था**

विश्वमा करिब एक अर्ब जनसंख्यालाई भिटामिन डीको कमी रहेको आँकलन गरिएको छ। युरोप, अमेरिका, अस्ट्रेलियामा ३०-८० प्रतिशत जनसंख्यामा भिटामिन डीको कमी रहेको अनुसन्धानमा देखिएको छ। यो स्थिति दक्षिण एशियामा झनै भयावह छ। भारतमा ७० प्रतिशतभन्दा बढी जनसंख्यामा भिटामिन डीको कमी रहेको केही भारतीय अध्ययनमा पाइएको छ। नेपालमा पनि ७० प्रतिशतभन्दा बढी जनसंख्यामा भिटामिन डीको कमी रहेको अध्ययनले देखाएको छ ।

**भिटामिन डीले पार्ने प्रभाव**

भिटामिन डीको प्रमुख काम आन्द्राबाट क्याल्सियमको शोषणलाई नियन्त्रण गर्नु र हड्डीमा क्याल्सियमको पुनर्शोषणमा मद्दत पुर्‍याउनु हो। भिटामिन डीको कमी हुँदा आन्द्राबाट क्याल्सियम शोसिने शक्तिमा कमी आउँछ र हड्डीबाट क्याल्सियम बाहिर निस्केर रगतमा क्याल्सियमको मात्रा नियन्त्रणमा हुन्छ ।

भिटामिन डी कमीले शरीरको रक्तचाप बढ्ने अध्ययनहरुले देखाएका छन्। तर, केही खोजमा भने यी दुईबीच त्यस्तो सम्बन्ध नरहेको पनि बताइएको छ। यस्तै, भिटामिन डीसँग मधुमेह र रगतमा बोसो असन्तुलनको सम्बन्ध पनि देखिएको छ। भिटामिन डी कमीले हृदयाघातको सम्भावना बढाउने पनि अध्ययनहरुले बताएका छन्। भिटामिन डी कमी भएमा मुटुले गर्ने काममा ह्रास आउने (हर्ट फेल हुने) सम्भावना पनि उल्लेख गरेका छन्। तर, हालसम्मका खोजमा मुटुमा हुने विभिन्न रोगमा भिटामिन डीको मात्रा कमी देखिए पनि भिटामिन डी परिपूर्ति गर्दैमा मुटु रोगमा परिवर्तन आउने कुरा चाहिँ पुष्टि भइसकेको छैन ।

भिटामिन डीको हड्डी र मुटुसँग मात्रै सम्बन्ध नरहेर विभिन्न अंग र तिनका काम कारबाहीमा पनि महत्वपूर्ण देखिएको छ। भिटामिन डी कमी भएका महिला तथा पुरुषमा प्रजनन क्षमतामा कमी आएको र गर्भवती महिलालाई भिटामिन डी पूर्ति गर्दा सकारात्मक प्रभाव पर्ने अध्ययनले देखाएका छन् ।

**भिटामिन डी कमीको उपचार**

विभिन्न समयमा गरिएका अध्ययनले हाल विश्वव्यापी रुपमै भिटामिन डीको अपर्याप्तता र कमी देखाएको छ। यसको कमीले विभिन्न अंगमा पर्ने प्रभावबारे पनि उजागर हुँदै आएको छ। हाल भिटामिन डीको परीक्षण सजिलैसँग गर्न सकिन्छ र कमी देखिएमा यसको उपचार (परिपूर्ति) गर्न गाह्रो छैन। यदि, हामी पर्याप्त रुपमा घामबाट भिटामिन डी पाउँदैनौं भने औषधि सेवन गरी शरीरमा यसको मात्रा सामान्य अवस्थामा ल्याउन सकिन्छ। परिपूर्ति गरिसकेपछि भिटामिन डी सही भए-नभएको कुरा पुनः जाँच गर्दा थाहा हुन्छ। हाल विदेशमा जस्तो दूध, आटा, जुसमा भिटामिन डी मिसाइएको नभए पनि हामी अन्य माध्यमबाट भिटामिन डी परिपूर्ति गरी शरीर स्वस्थ राख्न सक्छौं ।

**-डा हृदयविभु घिमिरे**

## तपाईंको यो साता

**मेष** (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।

**वृष** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

**कन्या** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय उत्तम खालको छ । तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

**वृश्चिक**:(टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।

**तुला** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

**धनु** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।

**कुम्भ** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।

# कृषिमा जलवायू परिवर्तनको असर र प्रभाव

**डा. श्रीभगवान ठाकुर**



तराई मधेशमा राष्ट्रिय जनगणना २०११ अनुसार ५०.२३ प्रतिशत रहे पनि क्षेत्रफल जनचेतनाको अभाव, परिवार नियोजनको प्रभावकारिताको कमी, परम्परागत रूढीपना आदिले नेपालको औशत जनसंख्या बृद्धि दर ३.१५ प्रतिशतभन्दा बढी रहेको र जनघनत्व पनि पहाड र हिमालभन्दा बढी नै जुन प्रतिवर्ग कि.मी. ३९२ रहेको अवस्था छ। तराई मधेशमा औशत परिवार सदस्य संख्या पनि धेरै रहेको अवस्था छ। तराईमा आफ्नो जग्गाबाट खाद्यान्न आपूर्ति गर्न व्यक्ति ०.४५ हेक्टर जग्गाको आवश्यकता पर्दछ। तर तराई मधेशमा जग्गाविहीन र अति विपन्नको जनसंख्या पनि बढी रहेको अवस्था छ।

तराई मधेशलाई अन्नको भण्डारले चिनिएको जहाँ राष्ट्रको २३ प्रतिशत भूमि ओगटेको, फराकिलो तथा उर्वर भूमि ५९ देखि ७०० मीटर उचाईमा पर्दछ। कूल खेतीयोग्य जमीनको ४० प्रतिशत हिस्सा रहेको जुन वर्षैभरि सिँचाई उपलब्ध गराउन सकिन्छ। यहाँ सरकारले सिँचाई र प्रविधि उपलब्ध गराउन सके उत्पादकत्व वृद्धि गर्ने धेरै नै क्षमतावान क्षेत्र हो। यहाँको उत्पादनले नेपालको जनसंख्याभन्दा बढीलाई खाद्यान्न तथा अन्य कृषि उत्पादन बढाउने क्षमता रहेता पनि विभिन्न कारणले त्यसो नभएको पाइएको छ।

जलबायु परिवर्तनको असर र प्रभाव पनि पहाडमा भन्दा तराई मधेशको कृषिमा बढी हुने विभिन्न प्रतिवेदनले दिएको अवस्था छ। तराई मधेशमा तापक्रम बृद्धि, वर्षाको पानीको धेरै नै कमी वा चाहिएको समयमा नआई कुबेलामा पर्ने, शीतलहरी, असिना आदिले कृषिको उत्पादनमा धेरै नै नकारात्मक प्रभाव पार्ने छ भनी अनुमान गरिएको छ। संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन वार्षिक प्रतिवेदन २०१७ अनुसार हिम पग्लिने तथा अति वर्षाका कारण प्रमुख जलवायु जन्य जोखिम बाढी तराई मधेश नै हो। परिणाम स्वरूप कृषिको वृद्धि दर घट्दै गएको पाइन्छ। यसरी कृषिवस्तुको उत्पाकत्व घट्दा खाद्यान्नको अवस्था अहिलेको भन्दा विल्कुलै उल्टो हुने जाने निश्चित छ।

**खाद्य संकटका प्रमुख कारणहरू**

कृषि उत्पादकत्वमा कमी, कृषिको बृद्धिदर न्यून हुनु, जलवायु परिवर्तनले बालीका जातहरू सुहाउँदो नहुनु, खाद्य विविधिकरण नहुनु, भाते संस्कारले प्रोत्साहन पाउनु, विभिन्न कार्यक्रम तथा परियोजनाबाट चामल वितरण, खाद्यान्न बालीको क्षेत्रफल व्यवसायिक बालीले ओगटनु, खाद्यान्न बालीले अनुसन्धान तथा दातृ निकायको प्राथमिकता नपाउनु, दैवी प्रकोप तथा जलबायुजन्य प्रभाव (बाढी, पहिरो, सुख्खा, भूक्षय, शितलहरी, असिना, आदि।

खाद्यान्न उत्पादनमा कूल क्षेत्रफलको ७० प्रतिशत धानबाट ७१ प्रतिशत उत्पादन र ५८ प्रतिशत गहुँबाट ६५ प्रतिशत उत्पादन भएको २०७१/७२ को तथ्याँकबाट देखिन्छ। प्रदेश २ ले लगभग देशको २१ र २८ प्रतिशत धान र गहुँको उत्पादन दिन्छ।

त्यस्तै दलहन बालीमा नेपालको मसुरोको ९५ प्रतिशत क्षेत्रफलबाट ९५ प्रतिशत नै उत्पादन हुन्छ भने चनाको ७३ प्रतिशत क्षेत्रफलबाट ७८ प्रतिशत नै उत्पादन र अरहरको पनि ९७ प्रतिशत क्षेत्रफलबाट ९७ प्रतिशत नै उत्पादन हुने गर्दछ। कुल दलहनको ७५.८१ र ७६.३२ प्रतिशत तराई मधेशबाट प्राप्त हुन्छ। प्रदेश २ ले लगभग देशको ३७ र ५९ प्रतिशत मसुरो र अरहरको उत्पादन दिन्छ।

**तराई मधेशमा आयोजना परियोजना तथा कार्यक्रमहरू**

नेपालमा गरिबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षा, ग्रामीण विकास, आयआर्जन तथा जीविकोपार्जन सुधार, आदि नामका विभिन्न आयोजना परियोजना, कार्यक्रमहरू अनेक दातृ संस्था तथा एजेन्सीहरूले संचालन गरेका छन्। तराई मधेशमा एक दशकदेखि ती विकासे परियोजनाहरूको संख्यामा धेरै नै कमी आएको छ। गरिबीको सूचकांक, मानव सूचकांक तथा अरू समस्याहरूको जरोको रूपमा रहेको तराई मधेशमा योजना परियोजना किन नगएको प्रश्न उब्जिरहेको हुन्छ। दातृ निकाय तथा अन्तर्राष्ट्रिय एजेन्सीको सामु ती समस्याहरूको चाँग रहेको जिल्ला/स्थान किन प्राथमिकतामा पर्दैन। सरकारले संचालन गरेका कार्यक्रम र योजना तथा परियोजना जस्तैः नारडेफ, पैक्ट, ज्रुबषि, च्क्ककँए, ज्ख्बए, प्द्यप, ब्ँक्ए जस्ता परियोजनाहरू पहाडकेन्द्रित मात्रैले पनि तराईको विकासमा पक्कै गति शिथिल गरेको छ।

**खाद्य संकटबाट बच्ने केही उपायहरू**

बाली विविधिकरण, उन्नत तथा प्रभावकारी सिँचाइ व्यस्थापन, उन्नत प्रविधि तथा औजार/उपकरणको प्रयोग, उन्नत माटो, बीउ, विषादी र मलको प्रभावकारी व्यवस्थापन, जग्गा उपयोग नीति अपनाई कृषि जमीनको आधुनिक सुधार, मिश्रित कृषि प्रणालीमा पशुपंछी, माछापालनमा जोड, माटोको उर्वरा क्षमता अनुसारको बाली र जात छनौट, नगदे बाली प्रवर्द्धन, जलवायू परिवर्तन मैत्री बाली जातको विकास र प्रयोग, कृषि शिक्षा, वैकल्पिक ऊर्जा प्रवर्धन, अनुसन्धान, प्रसार तथा लगानीमा जोड, कृषि प्रशोधन तथा उद्योग व्यवसायको प्रवर्द्धन, साना तथा जग्गाविहीन कृषकका लागि विशेष पैकेज, कृषि बीमा तथा वित्तीय सहयोग, खाद्यान्नको न्यायोचित वितरण, खाद्य उपयोग विविधिकरण, आदिको व्यवस्थामन गर्नु पर्दछ। तराई मधेशले विशेष गरी सिँचाईको व्यवस्थापन गरी खेत जग्गा खाली नराखी बाली घनत्वमा बृद्धि, धान गहूँ भन्दा बढी भाउजाने बाली (तरकारी, दलहन, तेलहन, फलफूल, मशाला, जडीबुटी, आदि) उत्पादन, पशुपंक्षी पालन तथा वन बालीसँग मिश्रित कृषि प्रणली तथा भात खानु भन्दा मकै गहुँ, कोदोको रोटी, भुजा, आदि परिकार खान तमत्यार हुनु पर्ने, कृषिमा उन्नत बीउ, सामग्री, प्रविधि अपनाई जलवायू परिवर्तनका अनुकूलन गर्दै निर्वाहमूखी भन्दा व्यावसायिक एवं प्रतिस्पर्धी कृषकमा परिणत नभए भोलीको खाद्य संकट, जलवायु परिवर्तन र गरिबी जस्ता कुप्रभावबाट बच्न मदत गर्दछ।

**निष्कर्ष :**

नेपाल कृषिमा आधारित अर्थतन्त्र भएको मुलुक जहाँ तराई मधेश जस्तो अन्न भण्डार रहेको क्षेत्रमा प्रकृतिले दिएको सम्पूर्ण सम्भावनाहरूलाई कार्यान्वयनमा ल्याउन जरूरी देखिन्छ। सरकारले नीतिगत, प्रक्रियागत तथा संरचनागत व्यवस्थापन तथा प्राथमिकताले तराई मधेशको उर्वर माटो, समथलभूमि, हावापानीको विविधता, उच्च यूवा जनसंख्याको क्षमता, आन्तरिक तथा बाह्य बजारको अवसर, भूमिगत जल तथा सौर्य उर्जाको उपयोग गर्ने जस्ता क्षमतालाई तालमेल मिलाउन अति नै आवश्यक देखिन्छ। तराई मधेशका मानिसहरूले सरसफाई, सामाजिक सदभाव, व्यावसायिक खेती, आधुनिक प्रविधिको प्रयोग, परम्परागत सोच तथा रितिरिवाजबाट माथि उठी, खानपान जस्ता व्यवस्थापन गर्न पाए राजनितिक परिवर्तनसँगै समसामयिक गरिबी, जलवायु परिवर्तन, खाद्य संकटको सामना प्रदेश तथा देशले गर्न मद्दत मिल्छ। यसरी संविधानले लिएको खाद्य संप्रभुता, किसानको समृद्धि र खाद्यान्नको हक प्राप्ति समेतमा सहयोग पुग्छ।

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग, लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छला तथा यौन रोग सम्बन्धि) -प्रयेक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

# एक दिने जनचेतना मुलक अभिमुखिकरण सम्पन्न

फत्तेपुर / श्री गगाजली सुख्खा क्षेत्र सिचाइ उपभोक्ता समिती सप्तकोसी ५ को आयोजनामा बिहिवार एकदिने जनचेतना मुलक अभिमुखिकरन गोष्ठी वडा न ५ को सभाहल मा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथी सप्तकोसी नगरपालिकाका मेयर उत्तम कुमार शर्माले आफ्नो वरिपरिको वातावरण सुख्खा हुन नदिन बोटबिरुवा जोगाउनु पर्ने बताए। गोष्टीमा जिल्ला सिचाइ कार्यालयका इन्जिनियर गौरी शंकर कर्णले सहजीकरण गरेका थिए। कार्यक्रममा ५० भन्दा बढी कृषकहरुको सहभगिता रहेको थियो।

कार्यक्रममा नगरपालिकाकी उपमेयर आशा कुमारी चौधरी ,वडा अध्यक्ष दिपक कुमार लेखी,सदस्य हरु जंग बहादुर सुवेदी,प्रभा कुमारी चौधरी ,मिना घिमिरे,गङा सदा ,गङाजली सामुदायिक बन उपभोक्त समिति का अध्यक्ष लाली चौधरी ,गङाजली महिला कृशक समूह कि अध्यक्ष राजकुमारी चौधरी ,लालिगुरास कृषक समूह कि अध्यक्ष लक्ष्मी पौडेल ,सुनगाभा सामुहिक मंचका कोषाध्यक्ष गोपाल आचार्य लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा आयोजक सस्थाकी उपाध्यक्ष गिता पौडेलले स्वागत मन्तव्य दिएकी थियृन। कार्यक्रम संस्थाका अध्यक्ष रुद्र बहादुर कट्बालको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रम संचालन मदन सेन चौधरीले गरेका थिए।

यस्तै सप्तकोसी नगरपालिका र वडा न ५ को संयुक्त आयोजनामा बुधबार गङाजलीमा एक दिने बाल हिंसा तथा बाल श्रम शोषण न्यूनीकरण सम्बन्धि एक दिने गोष्टि समपन्न भएको छ।

वडा न ५ को जनहित राप्राविमा सम्पन्न उक्त गोष्टी सप्तकोसी नगरपालिका महिला तथा बालबालिका शाखा कि प्रमुख बिष्णु माया नेपाल र राजकुमारी चौधरी ले सहजीकरण गरेका थिए।

कार्यक्रममा उक्त वडा का ६५ जना महिला तथा बालबालिकाको सहभागिता रहेको थियो। वडा न ५ का वडा अध्यक्ष दिपककुमार लेखीको अध्यक्षता सम्पन्न कार्यक्रम को संचालन सदस्य जंगबहादुर सुवेदीले गरेका थिए।

# सिरहामा ५२ वटा मानवअधिकार उल्लंघन

लहान/सिरहामा पछिल्लो समय हत्या, बलात्कार र बलात्कार प्रयासका घटना बढेको पाइएको छ।

सन् २०१८ को जनवरीदेखि जून १० सम्मको अवधिमै बालबालिकासहित २९ जना महिला बलात्कार र बलात्कार प्रयासको सिकार भएको तथा ५ जना महिलाको हत्या भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सिरहाले जनाएको छ।

'मानअधिकार वर्ष पुस्तक २०१९' को पूर्व समीक्षा कार्यक्रमका लागि आइतबार लहानमा आयोजित कार्यक्रममा यस अवधिमा ११ बालिका र दुई महिला गरी १३ जनाको बलात्कार भएको जनाइएको छ। उक्त अवधिमा ५ बालिका र ११ महिला गरी १६ जनामाथि बलात्कार प्रयास भएको इन्सेक प्रतिनिधि दुर्गा परियारले जानकारी दिए।

यसैगरी, विभिन्न ५२ वटा मानवअधिकार उल्लंघनका घटनामा ५५ महिला तथा चार पुरुष गरी ५९ जना पीडित भएका छन्। घरेलु हिंसा ५, बोक्सीको आरोप १, बहुविवाह ७ र हत्या प्रयास २ गरी १५ जना महिला पीडित बनेका छन्। त्यस्तै, बम विस्फोटका २ घटनामा ५ महिलासहित ९ जना तथा साइबर अपराधको एउटा घटनामा एक महिला पीडित भएका छन्।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख सोमप्रसाद भट्टराईले महिला हिंसा तथा मानवअधिकारको सवालमा राज्य संवेदनशील हुँदाहुँदै पनि मानवअधिकार उल्लंघनका घटना बढेको स्वीकार गरे।


जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका | अन्नपूर्ण | कान्तिपुर | nagariknews | राजधानी | जनता टाइम्स

अमर एडभरटाईजिङ धरान

९८५२०४९३२५, ९८५२०४७७७९



खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ। विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ, प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ, कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ।
– सभ्य नागरिक वनौ, वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं।

बेलका नगरपालिकाको कार्यालय, १ नं. प्रदेश, उदयपुर



सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा




प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१

IME सेवाः यहा विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि।






Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

